निर्वाचन आयोग, नेपाल

# जिल्ला निर्वाचन कार्यालय

## महोत्तरी

फोन नं. : ०४४-५२०२६२ ईमेल : deomahottari@yahoo.com

निर्वाचन आयोग जिल्ला निर्वाचन कार्यालय महोत्तरी

पत्र संख्या: ०७८/०७९ मिति: २०७९।०३।०३

चलानी नं. २२५

विषयः सूचना टाँस गरी जानकारी पठाई दिनु हुन।

श्री स्थानीय तह ( सबै )
महोत्तरी ।

प्रस्तुत विषयमा मिति २०७९।०२।३१ गते श्री निर्वाचन आयोग नेपालले मतदाता नामावली संकलन तथा अधावधिक कार्य पुनः सुचारु गर्ने सम्बन्धी २ ( दुई ) पानाको प्रेस विज्ञप्ति प्रकाशित गरेकोले सो विज्ञप्ति यसै पत्र साथ सलंग्न राखिएको छ । ताहाँ कार्यालयको सूचना पाटी का साथै सम्बन्धित वडा कार्यालयहरुको सूचना पाटीमा समेत टाँस गरी सोको जानकारी यस कार्यालयको ईमेल टेगाना deomahottari@yahoo.com मा पठाई दिनु हुन अनुरोध छ ।

.....................
(सुबोध कुमार महतो )
जिल्ला निर्वाचन अधिकारी

जिल्ला निर्वाचन अधिकारी

औरही नगरपालिका
दर्ता नं. १३६८
दर्ता मिति : २०७९।३।६

पत्र सङ्ख्या Ref:

# प्रेस विज्ञप्ति

मिति : २०७९/०२/३१

## मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्य पुनः सुचारु गर्ने ।

मतदाता नामावली निर्वाचन व्यवस्थापनको मूल आधारस्तम्भ रहेको हुँदा आयोगले आगामी प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनलाई लक्षित गरी यही असार १ गते देखि देशभर मतदाता नामावली सङ्कलन तथा अध्यावधिक कार्य पुनः सुचारु गर्ने सम्बन्धमा निम्नानुसार निर्णय गरेको छ।

१. मतदाता नामावली सङ्कलन तथा अद्यावधिक सम्बन्धमा देहाय अनुसार गर्ने:

क) सबै निर्वाचन कार्यालयहरू र सबै जिल्ला प्रशासन कार्यालय एवं ७३ वटा ईलाका प्रशासन कार्यालयबाट यही असार १ गते देखि मतदाता नामावली सङ्कलन गर्ने,

ख) पेशा, व्यवसाय वा अन्य कुनै कारणले कुनै एक जिल्लामा बसोवास गरिरहेको नागरिकले निजको स्थायी ठेगानामा रहने गरी हाल अस्थायी बसोबास गरिरहेको जिल्लाकै निर्वाचन कार्यालय गई मतदाता नामावली दर्ता गर्न सक्ने,

ग) मतदाता नामावलीमा रहेको आफ्नो नाम, ठेगाना, जन्म मिति, लगायतका विवरण सच्याउनलाई प्रमाणसहित निवेदन दिएमा नाम दर्ता अधिकारी (निर्वाचन अधिकारी) ले आवश्यक निर्णय गरी त्रुटि सच्याउने,

घ) कुनै मतदाताले झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको भनी त्यस्तो नाम मतदाता नामावलीबाट हटाउनको लागि कुनै पनि व्यक्तिले प्रमाणसहित उजुरी दिएमा नाम दर्ता अधिकारीले छानविन गरी त्यस्तो नाम हटाउने सम्बन्धमा निर्णय गर्ने,

ङ) कुनै मतदाताले विवाह वा बसाई सरेको कारण मतदाता नामावलीमा रहेको आफ्नो ठेगाना परिवर्तन गर्न चाहेमा साविकमा नाम दर्ता भएको जिल्ला वा नाम सार्न चाहेको जिल्लाको निर्वाचन कार्यालयमा निवेदन दिन सक्ने । निवेदन दर्ता भएको कार्यालयले प्राप्त निवेदन उपर आवश्यक निर्णय गरी अर्को जिल्लासँग सम्बन्धित भए सम्बन्धित जिल्लामा आवश्यक प्रमाण समेत स्क्यान गरी पठाउने,

च) कुनै मतदाताले आफ्नो नाम रहेको मतदान स्थलबाट पायक पर्ने सोही वडाको अर्को मतदान स्थलमा नाम सार्न निवेदन दिएमा सोही बमोजिम स्थानान्तरण गरिदिने,

छ) मतदाता नामावली अद्यावधिक गर्ने प्रयोजनका लागि कुनै व्यक्तिले इमेल वा फ्याक्स मार्फत निर्वाचन कार्यालयमा निवेदन दिएमा त्यस्तो निवेदन उपर प्रमाण कागजात हेरी प्रमाण पुगेका आधारमा सम्बन्धित नाम दर्ता अधिकारीले नामावली अद्यावधिक गर्ने,

ज) मिति २०७३/१०/२० भन्दा अघि दर्ता भई नागरिकतामा उल्लेखित ठेगाना भन्दा फरक ठेगानामा मतदाता नामावली रहेका व्यक्तिले नागरिकतामा उल्लेखित ठेगानामा नै मतदाता नामावली सारी पाउन निजको मतदाता नामावली रहेको जिल्लाको निर्वाचन

२०७९/०२/३१

कार्यालयमा निवेदन दिएमा निजको नाम सो जिल्लाको मतदाता नामावलीबाट निजको नागरिकतामा उल्लेखित ठेगाना भएको स्थानीय तहको वडामा सार्ने व्यवस्था मिलाउने,

झ) कुनै मतदाताको मृत्यु भएको वा नागरिकता त्याग गरेको वा विवाह वा बसाई सरी गएको कारण मतदाता नामावलीबाट नाम हटाउनको लागि निवेदन प्राप्त भएमा नाम दर्ता अधिकारीले प्रचलित कानुन बमोजिम प्रत्येक महिना निर्वाचन कार्यालय र सम्बन्धित वडा कार्यालयमा सात दिनको समय दिई सूचना टाँस गर्ने व्यवस्था मिलाउने । यस्तो सूचनाको विवरण उपर निर्वाचन कार्यालयमा कुनै उजुरी परेमा सोको छानबिन गरी पेश भएको प्रमाण बमोजिम र उजुरी नपरेमा सोही बमोजिम निर्वाचन कार्यालयले नामावली अद्यावधिक गर्ने,

ञ) दोहोरो दर्ता नहुनेतर्फ सचेत हुँदै नाम दर्ता गर्ने व्यवस्था मिलाउने । कुनै मतदाताले दोहोरो नाम परेको भनी हटाउन निवेदन दिएमा जिल्लाभित्रको दोहोरो नाम नाम दर्ता अधिकारीले रूजू गरी अघिल्लो दर्तालाई हटाइ पछिल्लो पटक दर्ता भएको नाम मतदाता नामावलीमा कायम गरिदिने तथा फरक जिल्लाको हकमा आयोगमा लेखी पठाउने,

ट) फोटो सहितको मतदाता नामावली सङ्कलन भए बमोजिम आयोगबाट वितरण भएको मतदाता परिचय पत्र भएको तर कुनै कारणले मतदाता नामावलीमा नाम नरहेको भए त्यस्तो व्यक्तिको नाम दर्ता गरिदिने,

२. मतदाता नामावली ऐन, २०७३ बमोजिम निर्वाचनको मिति घोषणा भइसकेपछि सो निर्वाचनको प्रयोजनका लागि मतदाता नामावलीमा नाम दर्ता नगरिने हुँदा प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनको मिति निकट भविष्यमा घोषणा हुने सम्भावना रहेकोले सो घोषणा हुनु पूर्व नै मतदाता नामावलीमा नाम सङ्कलन गर्न योग्यता पुगेका सबै नागरिकहरुलाई आफ्नो नाम दर्ता गराउन आयोग अनुरोध गर्दछ । यस कार्यमा सहयोग र सहजीकरण गर्न सबै राजनीतिक दल आम सञ्चारकर्मी एवं सरोकारवालाहरुलाई समेत आयोग हार्दिक अनुरोध गर्दछ ।

२०७४/०२/२१

( शालिग्राम शर्मा पौडेल )
सहसचिव एवम् प्रवक्ता

निर्वाचन आयोग, नेपाल

# जिल्ला निर्वाचन कार्यालय

महोत्तरी

फोन नं : ०४४-५२०२६२

पत्र संख्याः ०७८/७९

मितिः २०७९।०२।२०

चलानी नं. १९१

विषयः सूचना टाँस सम्वन्धमा

श्री स्थानीय तह (सबै)
महोत्तरी

प्रस्तुत विषयमा यस कार्यालयको स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा सहभागी उम्मेदवारहरुले निर्वाचन खर्चको विवरण बुझाउने सम्वन्धी सूचना यसै साथ संलग्न गरी पठाइएको छ । उक्त सूचना तहाँ कार्यालय तथा अन्तर्गत निकायहरुको सूचना पाटीमा सूचना टाँस गरी सोको जानकारी यस कार्यालयमा यथाशिघ्र पठाइदिनु हुन सादर अनुरोध छ ।

(सुबोध कुमार महतो)
जिल्ला निर्वाचन अधिकारी

जिल्ला निर्वाचन अधिकारी

औरही नगरपालिका
दर्ता नं २२५२
दर्ता मिति : २०७९।०२।२४